 ISSN: 2392-4764 (P)

# पाणिनि व्याकरणमा द्विरुक्तिविज्ञानको रूपरेखा

**हरेकृष्ण ज्ञवाली, उपप्राध्यापक**
शिक्षाशास्त्र विभाग
देउखुरी बहुमुखी क्याम्पस, लमही, देउखुरी
Email: hgyawali05@gmail.com

**सारसङ्क्षेपः**

प्रस्तुत चर्चा पाणिनीय व्याकरणका द्विरुक्ति विधानका व्यवस्थासँग सम्बन्धित छ । द्विरुक्तिको अर्थ पुनरुक्ति हो र व्यापक अर्थमा पुनरुक्ति भनेको भाषिक रूप वा अर्थ दोहोरिने प्रक्रिया हो । यसबाट कतै नयाँ शब्दनिर्माणको फलप्राप्ति हुन्छ भने कतै वाग्व्यवहारको शैलीप्राप्त हुन्छ । पाणिनि व्याकरणमा यससम्बन्धी विशेष व्यवस्थाका लागि अनेकन सूत्रविधान मात्र भएका छैनन् अपितु संस्कृत भाषाको द्विरुक्ति विषयको वैज्ञानिक अध्ययन नै भएको भेटिन्छ । पाणिनि व्याकरणका अन्यान्य पक्षहरूका बारेमा गहन खोज र अध्ययन भएको पाइन्छ तापनि यस पुनरुक्ति विधान तथा द्विरुक्ति विज्ञानका बारेमा खासै अध्ययन भएको भेटिन्न । यस आलेखमा यही रिक्त विषयक जिज्ञासालाई समस्याका रूपमा लिएर पाणिनीय अष्टाध्यायीमा भएको द्विरुक्ति व्यवस्थाका विविध पक्ष पहिल्याउने उद्देश्य राखिएको छ । गुणात्मक ढाँचा अनुसरण गरिएकोले यसका लागि पुस्तकालय अध्ययनकार्यबाट नमुना सामग्रीको खोजी गरिएको छ । यस क्रममा पाणिनिको अष्टाध्यायीलाई प्राथमिक स्रोत बनाई तथ्यसामग्री सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतबाट पनि आवश्यक सूचना सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको गहन सत्यापन पछि तथ्यसामग्रीको प्रस्तुति र छलफलका लागि व्याख्या तथा वणर्नात्मक पद्धति अँगालिएको छ । पाणिनि व्याकरणमा द्विरुक्तिको चर्चा रुपायन, व्युत्पादन , कथनशैली र द्वित्व उच्चारण प्रक्रियाका रूपमा गरिएको जानकारी छलफल र विश्लेषणबाट प्राप्त भएकाले पाणिनिको द्विरुक्तिपरक अध्ययन वृत्तिपरक , प्रयोगपरक र स्वरप्रक्रियापरक तीन स्तरमा भएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** अभ्यास, आम्रेडित, पौनपुन्ये, लिट्, वीप्सा,

## विषयपरिचय

पाणिनिको व्याकरण भाषा अध्ययनका क्षेत्रमा अग्रणी ग्रन्थ मानिएको छ । यसमा संस्कृत भाषाको भाषा वैज्ञानिक अध्ययन गरिएकाले यो आधुनिक भाषाविज्ञानका लागि समेत उपजीव्य स्रोतग्रन्थ बन्न सफल रहेको चर्चा पाइन्छ (अधिकारी, २०२०, पृ. १७७) । जजसले आजसम्मन् पाणिनिको व्याकरणको गहन अध्ययन गरेका छन् उनीहरू नै आधुनिक भाषाविज्ञानका क्षेत्रमा समेत नयाँ नयाँ भाषिक मान्यता र सिद्धान्त स्थापना गर्न सफल देखिएका छन् । यसर्थ चाहे वणर्नात्मक भाषाविज्ञानका जोन्सन हुन् चाहे रुपान्तरण व्याकरणका नोम चम्स्की या फेरि ब्लुम फिल्ड या हेनरी स्वीट नै किन नहुन् यी सबैले पाणिनि व्याकरणको प्रशंसा गर्दै यसबाट आपना अध्ययनमा सहयोग तथा प्रेरणा मिलेको कुरा सहर्ष स्वीकार गरेका छन् । आधुनिक आर्य भाषाहरूका लागि त यो व्याकरण उपजीव्य स्रोत नै बनेको छ । भनाइको आशय के हो भने यी भाषामा उत्पन्न समस्याको समाधान गर्न होस् या विज्ञान र प्रविधिका क्षेत्रमा चाहिने पारिभाषिक र प्राविधिक शब्दभण्डारको आवश्यकताको लागि संस्कृत भाषाको सहारा नलिई हुँदै हुँदैन । यसैको प्राणधाराको अविच्छिन्न प्रवाहले आधुनिक आर्य भाषाहरू जीवन्त बनेका मात्र छैनन् अपितु आधुनिक आर्य भाषाहरूको समस्यासमाधान, आवश्यकता र समृद्धिका लागि समेत भारतीय उपमहाद्वीपमा संस्कृत

भाषाको अध्ययन, अध्यापन र खोजअनुसन्धान अति आवश्यक हुन्छ र यो कार्य निरन्तर भइरहेको पनि छ । यिनै कारणहरूले गर्दा यस धर्तीमा संस्कृत भाषाको अध्ययन र अनुसन्धान भइरहेको पाइन्छ ।

पाणिनिले संस्कृत भाषा अध्ययनका लागि करिब ४००० जति नियम सूत्र रचना गरेर असङ्ख्य रूपसिद्धि गर्नसक्ने र अनन्त कालसम्म लागु हुने प्रकृतिको प्रक्रियापरक व्याकरण रचना गरेका छन् । उनको व्याकरणको नाम अष्टाध्यायी हो जसमा वीजगणितीय शैलीका सूत्रहरू मालाका रूपमा अनुवृत्ति क्रममा सग्रह गरिएको छ । यसको पहिलो विशेषता भाषाको वस्तुनिष्ठ अध्ययन, विश्लेषण र वणर्नात्मक पद्धतिको उपयोग गर्नु देखिन्छ भने दोस्रो विशेषता सबैभन्दा महत्वपूर्ण पक्ष यसले व्याहृत (बोलचालको) भाषाको अध्ययनमा जोड मात्र दिइएको छैन अपितु एक जीवन्त भाषाका ऐतिहासिक , क्षेत्रीय, सामाजिक र प्रयुक्तिका सबै विभेदहरूको मानकस्तरमा विश्लेषण समेत गर्नु रहेको छ । यसकारण यसले एकसाथ वैदिक र लौकिक संस्कृत भाषाको मानक यानि आधिकारिक व्याकरणको उपाधिसमेत पाएको छ । भाषाका विविध पक्ष र प्रवृत्तिहरूको सर्वाङ्गपूर्ण अध्ययन गरेकाले आधुनिक भाषाविज्ञानलाई समेत मार्गदर्शन गर्न यो सफल रहेको देखिन्छ । यसरी आधुनिक भाषाविज्ञानका विभिन्न सम्प्रदाय, शाखाप्रशाखा र प्रवृतिका अध्ययनहरूमा मार्गदर्शक रहेको पाणिनि व्याकरणमा द्विरुक्ति विज्ञानको विषय समेत अध्ययन भएको पाइन्छ ।

भाषिक व्यवहारमा भाषाको कुनै रूप दोहोरिएर प्रयोग हुन्छ भने त्यसलाई पुनरुक्ति वा द्विरुक्ति भनिन्छ । द्विरुक्ति भाषाका रूपहरूमा देखिने भए तापनि यो अर्थगत र रूपगत दुई प्रकारको हुन्छ । स्पष्टताका लागि तल नेपाली भाषाका केही उदाहरण हेरौँ

१) क. छोरो छोरै हो ।
ख. जातलाई जातले नै घात गर्छन् ।
ग. सभा भरिभराउ थियो ।

२) क. ज्ञान भएको मान्छे ज्ञानी हो ।
ख. पुच्छर घुम्रेको जनावर कुकुर हो ।
ग. तिमी गोरु जस्तो मूर्ख छौ ।

यसरी भाषिक व्यवहारमा एउटा वाक्यभित्र उही अर्थ दिने वा फरक अर्थमा दोहोरिएर कुनै भाषिक रूप प्रयोग हुनु पुनरुक्ति हो । यसलाई द्विरुक्ति पनि भनिन्छ । द्विरुक्ति भाषिक व्यवहारको सहज प्रवृत्ति हो र यो हरेक भाषामा धेरै थोरै प्रयोग भएकै हुन्छ । भाषिक व्यवहारका द्वित्व विधानका सबै प्रक्रियाहरू द्विरुक्तिअन्तर्गत पर्ने भएकाले यी कहाँ, कहिले, कसरी प्रयोग हुन्छन् ? व्याकरणको अध्ययनको खास विषय बनेको हुन्छ । त्यसैले हरेक भाषामा द्विरुक्तिको अध्ययन कुनै न कुनै रूपमा भएको देख्न सकिन्छ ।

कसै कसैलाई द्विरुक्ति विज्ञान आधुनिक भाषाविज्ञानको देन र उपलब्धि लाग्न सक्छ तर उहिल्यै पाणिनि व्याकरणमा पुनरुक्ति विज्ञानको सुस्पष्ट रूपरेखा करिएको भेटिन्छ । आधुनिक भाषाविज्ञानले पनि पुनरुक्तिको स्पष्ट रूपरेखा कोरिनसकेको वर्तमान अवस्थामा पाणिनिको अध्ययन मार्गदर्शक बन्न सक्ने अनुभव हुन्छ । हुन त पुनरुक्ति भाषिक व्यवहारको प्रकाट्य स्वरूप हो । यसका विधानका नियम त्यति जटिल नहोलान् तर मानवीय मनोवृत्ति, समाजदर्शन, तत्कालीन परिवेश, आवश्यकता र प्रचलनका आधारमा यिनीहरू प्रयुक्त हुने भएकाले यिनीहरूको सहज, स्वाभाविक प्रवत्ति पहिल्याउन व्याकरणकारका लागि त्यति सहज पनि देखिन्न । व्यवहारमा ब्रूहि ब्रूहि, वृक्षम् वृक्षम् मा द्विरुक्ति पहिल्याउन जति सजिलो छ बभूव, पिपठिषति,देदीयते मा द्वित्वांश पहिल्याउन त्यति नै गाह्रो देखिन्छ । कविताकाव्यतिर दृष्टि लगाउँदा पनि अनुप्रास, यमक र पुनरुक्ति अलङ्कारहरूमा पूरै वाक्य समेत द्विरुक्तिका ढाँचामा कविताका हरफ बनेको पाइन्छ । यसबाट भाषाको व्याहृत पक्षमा द्वित्व वा पुनरुक्तिको सहज र व्यापक प्रयोग हुन्छ भन्ने मात्र देखिन्न यी त भाषाका सहज र वैशिष्ट्यपूर्ण अभिव्यक्तिका बान्की पनि हुन् भन्ने समेत बुझिन्छ । पाणिनिका (सन् १९८१) व्याकरण अनुसार भाषामा विधिपरक विधान मात्र हुँदैनन् यसभित्र अपवाद , विकल्प र द्विरुक्ति व्यवस्थाका अन्यान्य विधानहरू पनि हुन्छन् । यसरी संस्कृत भाषाको अध्ययनमा मूल चार प्रकारका विधानहरूको व्यवस्था भएको खोलुवा मिल्छ । ती विधान वा नियमहरू हुन्

१. उत्सर्ग विधानका नियम

२. अपवाद विधानका नियम

३. वैकल्पिक विधानका नियम

४. पुनरुक्ति विधानका नियम

यसरी कुनै पनि भाषामा द्विरुक्ति व्यवस्थाको चर्चा र व्याख्या नभईकन त्यस भाषाको अध्ययन पूरा नहुने तथ्यलाई माथिका पुनरुक्तिका उदाहरण र यससम्बन्धी भाषा अध्ययनका विविध विधानका व्यवस्थाले स्पष्ट पारेको छ । पाणिनिको व्याकरणमा संस्कृत भाषाका द्विरुक्ति प्रक्रियाको गहन र तथ्यपरक अध्ययन पाइन्छ । उनकै व्याकरणलाई सहयोग पुर्याउने वार्तिक र भाष्यग्रन्थमा पनि द्विरुक्ति प्रक्रियालाई खुलस्त पार्ने थुप्रै अभिव्यक्तिहरू आएका छन् । प्रक्रियापरक व्याकरणहरूमा त द्विरुक्ति प्रकरण अलग्गै राखिएको छ तापनि तिनमा द्विरुक्त प्रयोगको विषय मात्र चर्चा गरिएको छ । त्यसकारण यिनमा पनि अष्टाध्यायीका विभिन्न अध्याय र प्रक्रियामा चर्चा भएका द्विरुक्तिका विषयलाई एकमुष्ट चर्चा गरिएको छैन । आधुनिक आर्य भाषाका अध्येताहरूबाट पाणिनि व्याकरणका अन्यान्य विषय र पक्षबारे जति गहन अध्ययन, खोजअनुसन्धान भएको पाइन्छ । तर यो द्विरुक्ति विधानका बारेमा चाहिँ आवश्यक मात्रामा समेत स्वतन्त्र अध्ययन भइनसकेको देखिन्छ । नेपाली भाषामा समेत पाणिनीय व्याकरणका द्विरुक्ति विधानका विविध पक्षसम्बन्धी अध्ययनहरू नगण्य मात्रामा भएको देखिन्छ । पाणिनिका द्विरुक्तिविधानको प्रासङ्गिक अध्ययन र चर्चा परिचर्चा यहाँ भएको भए तापनि द्विरुक्ति विषयलाई लिएर स्वतन्त्र अध्ययन भएको देखिन्न । यसमा त्यही शोधअन्तराललाई अध्ययनको विषय बनाई पाणिनिका अष्टाध्यायीका आधारमा संस्कृत भाषाको द्विरुक्ति विज्ञानका विषयमा प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

## अध्ययन विधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत आलेख गुणात्मक अध्ययन ढाँचामा तयार पारिएको छ । संस्कृत भाषामा द्विरुक्ति व्यवस्थाको अध्ययनका लागि पाणिनिको व्याकरण अष्टाध्यायीलाई प्राथमिक स्रोत बनाएर पुस्तकालय अध्ययन कार्यबाट आवश्यक सूचना र सामग्रीहरू सङ्कलन गरिएको छ भने विषयलाई स्पष्टता दिनका लागि आवश्यक देखिएका अन्य द्वितीयक स्रोतका केही लेखरचना र पुस्तकहरूबाट समेत सामग्री जुटाउने काम गरिएको छ । टिपोट गरिएका तथ्यसामग्रीको गहन सत्यापनपछि अध्ययनका प्राप्तिहरूलाई वर्णनात्मक पद्धति अँगालेर व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । अन्त्यमा पाणिनिको द्विरुक्तिपरक अध्ययन वृत्तिपरक, प्रयोगपरक र स्वरप्रक्रियापरक तीन स्तरमा भएको निष्कर्ष निकालिएको छ । अध्ययनमा द्विरुक्ति विधिविधानका नियम तथा सूत्रहरूको आधारमा उद्धरण साभार गर्दै विषयको प्रस्तुति, व्याख्या र विश्लेषण गर्न यसमा निगमनात्मक तर्कपद्धति उपयोग गरिएको छ ।

प्रस्तुत अध्ययन पाणिनिको व्याकरणका द्विरुक्ति विधानका व्यवस्थामा आधारित रहेकाले यसको सैद्धान्तिक पर्याधार पनि यसैका विधिविधानका सूत्रहरूलाई नै बनाइएको छ । पाणिनिको व्याकरणमा पुनरुक्ति विधानको चर्चा दुईवटा प्रकरणमा दोहोरीदोहोरी भएको पाइन्छ (१९८१ः६५,९१) । पाणिनिको व्याकरणमा पुनरुक्ति विधानको चर्चा कहाँ कहाँ भएको छ ? त्यसलाई बुझ्न अष्टाध्यायीको अध्यायगत विषय हेर्नु आवश्यक हुन्छ । मीनप्रसाद अधिकारी (२०२०) ले अष्टाध्यायीका वर्णन गरिएका विषयलाई देहायबमोजिम टिपोट गरेका छन् ः

१. प्रथम अध्यायः संज्ञापरिभाषा, धातु, प्रातिपदिक, निपात र समास विधान

२. द्वितीय अध्यायःसमास, कारक र विभक्ति विधान

३. तृतीय अध्यायः धातुमा तिङ् र कृत् प्रत्यय विधान

४. चतुर्थ र पञ्चम अध्यायः प्रातिपदिकमा तद्धित प्रत्यय विधान

५. षष्टम र सप्तम अध्यायः अव्युत्पन्न प्रातिपदिकको स्वरप्रक्रिया, (त्यसैभित्र द्वित्व चर्चा) विधान

६. अष्टम अध्याय  द्वित्वविधान, स्वरप्रक्रिया, (द्वित्व) र सन्धि षत्व, णत्व विधान

माथिको तालिकामा कोष्ठकभित्रका विषय स्पष्टताका लागि अध्येताबाट थपिएका हुन् । यहाँ तिन ठाउँमा द्वित्व प्रक्रियाको चर्चा भएको देखिन्छ । षष्टम अध्यायको विषय लेखकले त्यसरी लेखे तापनि वास्तवमा यो अध्याय प्रकृतिविकृतिको चर्चामा केन्द्रित छ र प्रकृतिको आङ्गिक परिवर्तनका रूपमा द्वित्व, सन्धि, सम्प्रसारण, आगम र स्वरप्रक्रियाबारे दिग्दर्शन गराइएको छ । अतः अध्याय छमा प्रकृतिविकृतिको चर्चाक्रममा धातुवृति र शब्दवृतिका प्रसङ्गमा अर्थात् व्युत्पादन र रुपायनको रूपमा द्वित्व पद्धतिको चर्चा छ भने आठौँ अध्यायको पहिलो पादमा शाब्दिक रूपमा द्वित्व प्रयोगका सन्दर्भहरूको जानकारी गराइएको छ । पछिल्लो त्रिपादीभित्रको द्वित्व प्रसङ्गचाहिँ वाकोवाक्यका अर्थात् उच्चारण प्रक्रियाका क्रममा द्वित्व विषयक स्वरप्रक्रिया चर्चा गरिएको छ । यसरी तीन वेग्लावेग्लै सन्दर्भ र प्रसङ्गका द्वित्वविधानको व्यवस्था र चर्चा पाणिनि व्याकरणमा भएको भेटिन्छ । यस अध्ययनमा यिनै विधिविधानका व्यवस्थालाई सैद्धान्तिक आधार बनाई द्विरुक्ति विज्ञानको चर्चा गरिएको छ ।

यहाँ नेर द्वित्व र द्विरुक्तिको अन्तर पनि स्पष्ट पार्नु  जरुरी देखिन्छ । सामान्यतया द्वित्व र द्विरुक्तिमा मौलिक अन्तर गरेको पाइँदैन तथापि यिनमा भिन्नता  भने देखिन्छ । त्यो के हो भने द्वित्व शब्दनिर्माणको एक पद्धतिमा सीमित छ र यसले कुनै ध्वनि, वर्ण र शब्दस्तरको भाषिक एकाइ दोहोरिएर बन्ने अर्को मौलिक शब्दनिर्माणको प्रक्रियालाई जनाउँछ । उता द्विरुक्तिभित्र भने द्वित्व लगायतका शब्द, वाक्य तथा अर्थस्तरका सबै पुनरुक्तिहरू पर्दछन् । यसरी द्वित्वको पहिचान तीन प्रसङ्गमा अनिवार्य हुने तथ्य पाणिनिले दिएका छन् । ती तीन ठाँउ भनेका व्युत्पादन, प्रयोग र उच्चारण हुन् । व्युत्पादनमा यो कालवृति, धातुवृति र शब्दवृतिको प्रकारको रूपमा देखिन्छ भने प्रयोगको क्षेत्र विस्तृत  छ किनभने पाणिनि स्वयंले द्वित्वप्रयोगका सन्दर्भमा पहिलो सूत्र नै सर्वस्व द्वे राखेका छन् (सन् १९८१ पृ. ९१) ।

कुनै रूपको द्वित्व भएपछिको उच्चारण कस्तो हुन्छ ? भाषावैज्ञानिकले दिनै पर्ने जवाफ हो । पाणिनि यसमा पनि किन पछि हट्थ्ये ? यस विषयमा प्रकाश पार्न उनले स्वरप्रक्रियाको आधार समातेका छन् । द्वित्वविधानका क्रममा कुनै एकाइ दोहोरिएपछि दुई अंश हुन्छन् तिनलाई पाणिनिले  अघिल्लो अंशलाई अभ्यास र पछिल्लो अंशलाई आम्रेडित संज्ञा गरेका छन् । यति मात्र होइन उनले द्विर्वचन, पौनपुन्ये, द्वित्व, द्विरुक्ति जस्ता विभिन्न पारिभाषिक  शब्दहरूसमेत प्रयोग गरेर द्वित्व र द्विरुक्तिलाई स्पष्ट पारेका छन् ।

पाणिनिका व्याकरणमा द्विरुक्ति विधानको चर्चा तीन बेग्लाबेग्लै व्यवस्था र प्रसङ्गमा गरिएको उल्लेख त माथि नै गरिसकिएको छ । यस क्रममा तीन बेग्लाबेग्लै व्यवस्थाहरू द्वित्व पद्धति, द्वित्वप्रयोग र द्वित्व उच्चारण हुन् भन्ने कुरा स्पष्ट हुन्छ । संस्कृतमा यी तीन विषयहरू आफैमा परिपूर्ण र जटिल छन् । तसर्थ यो सानो आलेखमा यी सबै विषयको वृहत् चर्चा गर्न सम्भव देखिँदैन । यसभित्र द्वित्व उच्चारणको चर्चा  संक्षिप्त रूपमा समेटिएको छ  भने द्वित्वविधि र द्वित्वप्रयोगका स्थितिलाई  भने अलि बढी प्रकाश पार्ने प्रयत्न गरिएको छ । यसरी यसमा पाणिनिका अष्टाध्यायीका द्विरुक्ति विधानका सूत्रहरूलाई नै सैद्धान्तिक आधार बनाएर संस्कृत भाषाव्यवहारका पुनरुक्ति प्रयोग र द्वित्वविधि माथि प्रकाश पारिएको छ ।

## पूर्वकार्यको पुनरावलोकन

पाणिनि व्याकरणमा भाषिक व्यवस्था र वाग्बोलीका यावत् विषयहरूको चर्चा एवम् विश्लेषण भएको पाइन्छ । यसक्रममा द्वित्वप्रक्रियादेखि द्विरुक्ति प्रयोग र द्वित्वोच्चारणसम्मका  द्विरुक्तिका विषयहरू अलगअलग प्रकरणहरूमा वणर्न गरिएको भेटिन्छ । यिनमा द्विरुक्ति विषयको चर्चा संस्कृत भाषालाई लक्ष्य गरेर गरिएको भए तापनि अध्ययनमा भाषा सामान्यका प्रवृत्ति र प्रक्रियाका विषयहरू पनि समेटिएको देखिन्छ तापनि पाणिनिको व्याकरणमा छरिएर रहेका द्विरुक्ति विज्ञानका विषयहरूलाई एकत्रित गरी अध्ययन गरिएकाले यो अध्ययन मूलतः पाणिनिको  द्विरुक्ति विधानका सूत्रवृतिको चर्चामा नै सीमित रहेको छ । त्यसकारण

पाणिनिका सूत्रवृतिमा आधारित रहेर गरिएका द्विरुक्ति विषयक पूर्वअध्ययनको मात्र यसमा पुनरावलोकन गर्नु आवश्यक हुन्छ।

पाणिनिको द्विरुक्ति विषयलाई एक स्वतन्त्र प्रकरणमा छुट्याएर अध्ययन गर्ने काम प्रक्रियापरक व्याकरणहरूमा सुरु भएको देखिन्छ। लघुशब्देन्दु शेखर, सिद्धान्त कौमुदी र प्रौढमनोरमा जस्ता प्रक्रियापरक ग्रन्थहरूमा छुट्टै द्विरुक्ति प्रकरण शीर्षकअन्तर्गत पाणिनिका व्याकरणमा रहेका द्विरुक्ति विधानका सूत्रहरूको व्याख्या विश्लेषण गरिएको पाइन्छ। तर यी सबै अध्ययनहरू द्विरुक्ति प्रयोगका चर्चामा मात्र सीमित रहेकाले यिनमा पनि पाणिनिमा झैँ द्विरुक्ति विज्ञानका सबै विषयको एकमुष्ट चर्चा पाइन्न। त्यसकारण यिनीहरूमा पनि द्विरुक्तिका विषयहरू छरिएर नै रहेका भेटिन्छन्।

आधुनिक आर्य भाषाहरूमा खास गरी नेपाली भाषामा संस्कृत द्विरुक्ति विषयको चर्चा दुई प्रकारले भएको पाइन्छ। पहिलो प्रकारमा ती अध्ययनहरू पर्दछन् जसमा प्रसङ्गतः संस्कृत द्वित्वप्रक्रियाको चर्चा गरिएको हुन्छ भने दोस्रो प्रकारका अध्ययनमा तत्सम द्वित्वको उल्लेख समासवृत्तिमा मात्र गरिएको पाइन्छ। संस्कृत द्वित्व प्रक्रियाको प्रसङ्गतः चर्चा गर्ने व्यक्तिहरूमा वीरेन्द्रकेशरी अर्याल, जयराज आचार्य, शिवराज आचार्य आदि प्रमुख रहेका छन् भने नेपाली भाषाका द्वित्व प्रक्रियाको चर्चा प्रसङ्गमा आनुसाङ्गिक रूपमा संस्कृत द्वित्वको चर्चा गर्नेहरू अलि बेसी देखिन्छन्। तिनमा नरेन्द्र चापागाईँ, टङ्क न्यौपाने, मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी ,देवी गौतम, माधव पोख्रेल मुख्य रहेका छन्। यी दुबै थरीले आनुसाङ्गिक रूपमा मात्र संस्कृत द्वित्वप्रक्रियाको चर्चा गरेकाले यस अध्ययनमा यिनीहरूका अध्ययनबाट खास सहयोग नमिलेको हुँदा यहाँ तिनका कृतिगत सन्दर्भस्रोत उल्लेख गरिएको छैन। तर जयराज आचार्यले भने पाणिनिको प्लुत्ति र दीर्घीभवनको आशयलाई स्पष्ट पार्दै नेपालीका उदाहरण दिएका छन् (२०७१: २१३, २१७)। यस्तै हिन्दी भाषाका भाषाविद् भोलानाथ तिवारीले द्विरावृत्ति (सन् १९८५) शीर्षकमा ध्वनिद्विरावृत्ति र समाहार सामासिक शब्दनिर्माणको चर्चा गर्ने क्रममा द्विरुक्ति विषयक शब्द द्विरावृत्तिको चर्चा गरेको पाइन्छ ( २०११: २७१, २७२)। यिनले संस्कृत व्याकरणअनुसार नै एउटै शब्द एकाइ दोहोर्याएर समाहार सामासिक विधिबाट समस्त शब्दनिर्माण हुने बताएका छन् भने शब्दको आदि, मध्य र अन्त्य तिनै स्थान वा अंशको ध्वनि द्विरावृत्ति भएका उदाहरण दिँदा संस्कृत भाषाका पनि दिएका छन्। यसरी तिवारीको अध्ययनले संस्कृत भाषाको द्वित्वोच्चारण र द्वित्वबाट बन्ने समस्त शब्दनिर्माण प्रक्रियाको सामान्य जानकारी गराइएको पाइन्छ। संस्कृतमा भाषा र छन्दस् दुवै क्षेत्रका स्वरप्रक्रियाको गहन र व्यापक अध्ययन भएको देखिन्छ। त्यसमा द्वित्वोच्चारण पनि समेटिएको छ जसलाई तिवारीको अध्ययनले संकेत गरेको भेटिन्छ।

## अध्ययनको आवश्यकता र महत्व

सार व्याकरणहरूमा द्विरुक्तिका विषयहरू विभिन्न प्रकरणहरूमा तद्तद् स्थानहरूमा छरिएर रहेका हुन्छन्। तिनीहरूलाई एक ठाउँमा संयोजन गरेर स्वतन्त्र अध्ययन गर्नका लागि द्विरुक्ति विज्ञानको आवश्यकता पर्छ । आधुनिक भाषाविज्ञानले यो आवश्यकता पूरा गर्दै द्विरुक्ति विज्ञानलाई जन्माइसकेको छ। तर यहाँ द्विरुक्ति विज्ञानको प्रस्तावित ढाँचाका आधारमा पाणिनिका द्विरुक्तिका विषयहरूको अध्ययन नगरी स्वतन्त्र ढङ्गले चर्चा गरिएको छ। भाषाविज्ञानका अन्यान्य विषय र शाखाको अध्ययनमा जसरी नै यो द्विरुक्ति विज्ञानको विषयका अध्ययनमा पनि पाणिनिको व्याकरण उपजीव्य स्रोत बन्न सक्ने देखिन्छ। यति महत्वपूर्ण भइकन पनि पाणिनिको द्विरुक्ति प्रक्रियाका बारेमा हालसम्म पनि स्वतन्त्र अध्ययन हुन नसकेकाले यो विषयको अध्ययनको आवश्यकता देखिन्छ। यस प्रकारको अध्ययन नभएकोले यस अध्ययनबाट प्राप्त सामग्रीहरू शिक्षण सामग्रीका रूपमा उपयोग हुन सक्ने भएकाले यसको महत्व पनि देखिन्छ।यसबाट पाणिनि व्याकरणका अध्येता र खोजकर्ता दुवै लाभान्वित हुने अपेक्षा गरिएको छ।

## विषय र छलफल

### द्विरुक्ति र भाषाविज्ञान

पाणिनि व्याकरणका द्विरुक्ति तथा द्वित्व विधानका विषयको अध्ययन गर्न सर्वप्रथम यसभित्रका द्विरुक्ति सम्बद्ध विषयहरू

भाषाविज्ञानका कुन कुन क्षेत्र र शाखासँग सम्बन्धित छन् अन्तरसम्बन्ध देखाउन आवश्यक हुन्छ। पाणिनिको व्याकरणमा द्विरुक्तिका विषय र प्रसगहरू मुख्यतः भाषाविज्ञानका तिन क्षेत्रसँग सम्बद्ध देखिन्छन्। भाषाविज्ञानका शाखा र सम्बन्धित द्विरुक्तिका विषयलाई तल देखाइएको छ

१. द्वित्व प्रक्रिया रूपविज्ञानसँग सम्बन्धित

२. द्विरुक्ति प्रक्रिया वाक्यविज्ञानसँग सम्बन्धित

३. द्वित्वोच्चारण प्रक्रिया ध्वनिविज्ञानसँग सम्बन्धित

यसप्रकार द्विरुक्तिविज्ञानका विषयहरू भाषाविज्ञानका रूपविज्ञान, वाक्यविज्ञान र ध्वविज्ञानसँग सम्बन्धित देखिन्छन्। पाणिनिको द्वित्वप्रक्रिया रूपविज्ञाका रुपायन र व्युत्पादन दुबै पक्षसँग सम्बद्ध देखिएका छन्। यी दुवैलाई एउटै शब्दबाट जनाउन यहाँ द्वित्व शब्दप्रयोग गरिएको छ र यसभित्र उक्त दुवै पक्ष समेटिएको छ। द्विरुक्तिचाहिँ प्रयोगसँग सम्बन्धित रहेकाले यो व्यापक किसिमको हुन्छ। यसभित्र साहित्यका अनुप्रास ,यमक, पुनरुक्ति प्रयोगका युक्तिसमेत समेटिन सक्ने भए तापनि यहाँ व्याकरणिक पुनरुक्तिका बारेमा मात्र अध्ययन गरिएको छ। द्विरुक्तिका तीन मूल पक्षलाई अलगअलग प्रकरणमा तल क्रमशः चर्चा गरिएको छ

**द्वित्व प्रक्रियाः**

यसभित्र रुपायन र व्युत्पादनका दुवै पक्षहरू समेटिएको उल्लेख माथि नै गरिएको छ। त्यसकारण यहाँ रुपायनपरक र व्युत्पादनपरक द्वित्व भनेर यस विषयको चर्चा गर्न सकिन्छ तापनि यहाँ भिन्न बाटो अँगालिएको छ। यहाँ पाणिनिका प्रक्रिया अनुसार नै तलका शीर्षकहरूमा वर्गीकरण गरी विषय विश्लेषण गरिएको छ

क) धातुवृतिका द्वित्व र ख) शब्दवृतिका द्वित्व।

धातुवृत्तिका द्वित्वः धातुवृत्तिका द्वित्व पुन तीन प्रकारका रहेका छन्

क) कालवृत्तिक द्वित्व ख) गणधातुपरक द्वित्व ग) सनादि धातुवृत्तिक द्वित्व

धातुवृत्तिका द्वित्वहरू लिट् लकार (कालवृत्ति), जुहोत्यादि गण (धातुगण) का धातुको रुपायन र सनादि धातुका द्वित्व व्युत्पादन (संयुक्त क्रियापद) गर्दा प्रयोग हुन्छन्।

**कालवृत्तिक दित्वः** क्रियाका काल र पक्षको सार्थक र सन्दर्भपरक प्रयोग संस्कृत भाषामा नै भेटिन्छ। संस्कृत भाषामा क्रियाका काल र पक्षको विभाजन आधुनिक आर्य भाषाहरूको कालविभाजन भन्दा फरक छ जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ

**तालिका नं. १ संस्कृत भाषाका क्रियाका काल र पक्ष**

| पक्ष/काल | भूत | वर्तमान | भविष्यत |
|---|---|---|---|
| १. | सामान्य | सामान्य | सामान्य |
| २. | अनद्यतन | (सातत्व ) | अनद्यतन |
| ३ | परोक्ष | | हेतुहेतुमद् |

माथिको तालिकामा भूत कालको एउटा पक्षका रूपमा परेक्ष काल देखिएको छ। संस्कृत भाषामा परोक्ष भूतकाल जनाउन लिट् लकारमा क्रियापदको रुपायन गरिन्छ। संस्कृत व्याकरणमा यसलाई परोक्ष भूत भनिएको छ तापनि यसलाई ऐतिहासिक काल पक्षका रूपमा पनि चिन्न सकिन्छ। नेपालीमा भए थ्यो, भएको अरे, पहिले भएको थियो, पहिले हुन्थ्यो भन्ने जस्ता अर्थमा यसलाई चिन्न सकिने भएकाले यो अभ्यस्त र पूर्ण पक्ष दुवैका निकट रहेको मानिन्छ भने अग्रेजी भाषामा यो परफेक्ट

भूतकालको पक्षको निकट रहेको देखिन्छ। जे होस ,संस्कृत भाषामा यसको आफ्नो छुट्टै मौलिकता र प्रयोग सन्दर्भ छ। यसरी भूत भूतको आर्थी घटकको संरचना जनाउनका लागि धातुको रूप दोहोर्याएर रुपायन गर्नु वा अरुभन्दा फरक बनाउनु स्वाभाविक मात्रै होइन वैज्ञानिक पनि मान्न सकिन्छ। पाणिनिका व्याकरणमा सबै परस्मैपदी र आत्मनेपदी धातुका परोक्ष भूतका रूपहरू द्वित्व प्रक्रियाबाट मात्रै रुपायन हुन्छन् (द्विवेदी, सन् १९६१, पृ. १४६)। तुलनात्मक रूपमा अरु पक्षको भन्दा यस पक्षको रूपायन बढी जटिल मानिएको छ किनभने सबैभन्दा बढी प्रकृतिविकृति रहने रुपावलीहरू यसै पक्षका देखिका छन्। तल भू धातुका लिट लकारका रूप उदाहरणका रूपमा दिइएको छ, हेरौँ

| | | | |
|---|---|---|---|
| धातु भूः | बभूब | बभूबतुः | बभूबः |
| | बभूविथ | बभूबथु | बभूब |
| | बभूब | बभूविव | बभूविम |

**गणधातु वृत्तिक द्वित्वः** गणको अर्थ समूह हो । धातुलाई समूहमा विभाजन गरेपछि यसले धातुको प्रकारलाई जनाउँछ। यसैअनुसार एक प्रकारले रुपायन हुने धातु जतिलाई एक एक गणमा छुट्याउँदै जाँदा संस्कृतका सबै धातुहरू दश गणमा विभाजित भएका छन्। त्यसमा दोहोरिएर रुपायन हुने धातुवर्गको नाम जुहोत्यादि गण राखिएको छ। जुहोति रूप नै हु धातु द्वित्व भएर बनेको हो। यस गणका सबै धातुहरूका लट् लङ्, लोट, र विधिर्लिडका रूपहरू द्वित्वप्रक्रियाबाट बनेका हुन्छन्। तल यस गणको धातुरूप दिइएको छ

| | | | |
|---|---|---|---|
| धातु भीः | विभेति | विभीत | विभ्यति |
| | विभेषि | विभीषः | विभीथ |
| | विभेमि | विभीवः | विभीमः |

**सनादि धातुवृत्तिक द्वित्वः** संस्कृत भाषामा इच्छा र बारम्बारता व्यक्त गर्न सनादि धातुवृत्तिको व्यवस्था छ। इच्छा, पुनपुन, अधिकता अर्थ जनाउन धातु दोहोर्याएर सनादि धातु तयार गरेपछि तिनमा तिङ् विभक्ति जोडी क्रिया रुपावली तयार गरिन्छन्। यस्ता द्वित्वप्रक्रियाका आफना केही शर्त पनि हुन्छन्। कर्ताले आफ्नै लागि इच्छा राख्दा सन् र पुनरुक्तिको भाव व्यक्त गर्दा यङ् र अतिशय जनाउन लुङ् प्रत्ययका योगमा धातु द्वित्व गरेर सनादि धातु व्युत्पादन गरिन्छ। यिनलाई क्रमशः सनन्त र यगन्त धातु भनिन्छ।

| | |
|---|---|
| सनन्त धातुका क्रियापदः | यगन्त धातुका क्रियाहरू |
| धातु र क्रियारूप | धातु र क्रियारूप |
| पाः पिपासति | नीः नेनीयते |
| ज्ञाःजिज्ञासते | भूः बोभूयते |
| श्रुः शुश्रूषते | पठ्ः पापठ्यते |
| मुच्ः मुमुक्षते | दाः देदीयते |

माथि धातुलाई पहिले द्वित्व पारेर सनादि कोटिका धातु तयार गरेपछि त्यसमा तिङ् विभक्ति जोडेर इच्छा तथा वीप्सा वृत्तिका क्रिया रूपहरू तयार भएको देखिन्छ। सनादि धातुमा नाम धातु पनि पर्छन् तर द्वित्वप्रक्रया इच्छा र वीप्सा भाव व्यक्त गर्दा मात्र हुन्छ।

## शब्दवृत्तिक द्वित्व

शब्द तथा प्रातिपदिक एकाइलाई दोहोर्याएर नयाँ शब्द निमाणर् गर्ने द्वित्व प्रक्रियालाई शब्दवृतिक द्वित्व नाम राख्न सकिन्छ। शब्दवृतिक द्वित्वप्रक्रियाअन्तर्गत पनि दुई प्रकारका द्वित्व पाइन्छन्। ती हुन्: सामासिक र अनुकरणात्मक द्वित्व।

**सामासिक द्वित्वः** संस्कृत भाषामा समासप्रक्रियाभित्र एउटै एकाइ दोहोरिएर शब्दनिमार्ण भएका उदाहरण पाइन्छन्। अव्यक्तानुकरणम् चानितिपरम् र डाचि बहुलम् द्वे जस्ता सूत्र र वार्तिकहरूका विधानले द्वित्व मानिएका केही शब्दहरूको व्युत्पादन समासवृतिभित्र भएको देखिन्छ । यस्ता शब्दको अर्थ स्पष्ट पार्न बहुब्रीहिवत्, कर्मधारयवत् र द्वन्द्ववत् भनिएको छ । यसको आशय के हो भने यस्ता शब्दहरू अन्यार्थप्रधान हुँदा बहुब्रीहि, अघिल्लो पद विशेषण हुँदा कर्मधारय र दुवैको अर्थ सार्थक भए द्वन्द्ववत् हुन्छन् भनिएको हो। वास्तवमा संस्कृतका अव्ययीभाव, तत्पुरुष, बहुवीहि र द्वन्द्व जस्ता समासवृत्तिभित्र द्वित्व प्रवृत्ति देखिन्छ । जस्तै पटपटाकृत्वा, दमदमाकृत्वा, खटखटाकृत्वा,कस्क कुतस्कुत, काँस्कान, कृतकृत्यम्, मुष्टामुष्टी केशाकेशी दण्डादण्डी एकेकम्, यथायथम् आदि।

**अनुकरणात्मक द्वित्वः** पाणिनिको व्याकरण सूत्रशैलीमा लेखिएकाले भाष्य रूपमा विषयको चर्चा त भेटिन्न तर व्याकरणले विश्लेषण गर्नुपर्ने हरेक विषयको उल्लेख र विधानचाहि गरेको भेटिन्छ। अनुकरणात्मक शब्दका बारेमा पनि उनले आवश्यक सूत्र रचना गरेका छन्। यससम्बन्धमा प्रथमतः महत्वपूर्ण कुरा के छ भने पाणिनिले सबै अनुकरण शब्दलाई अव्यय पद बनाउन अनुकरणम् चानितिपरम् सूत्र रचना गरेका छन्। दोस्रो कुरा यिनले अनुकरण शब्दलाई व्यक्त र अव्यक्तमा छुट्याएको पाइन्छ। यसबाट सार्थकलाई व्यक्त र ध्वन्यात्मकलाई अव्यक्त भनिएको स्पष्ट बुझिन्छ। यता अर्थ पक्षको आधार लिँदै भोजदेवले श्रृडगारप्रकाशमा अनुकरण शब्दलाई साध्वानुकरण, असाध्वानुकरण र अव्यक्तानुकरण तीन प्रकारका देखाउँछन् जुन बढी व्यावहारिक देखिन्छ भने यसको जनाउ पाणिनिले पनि गरेका छन् ।

संस्कृत व्याकरणमा अनुकरणजन्य शब्द व्यापक छन्। समासभित्रै यस्ता अनुकरणात्मक शब्दहरूको चर्चा भेटिनु स्वाभाविक मान्न सकिन्छ । यस्तै केही ध्वन्यात्मक शब्दहरूको ध्वनिप्रक्रियाका सन्दर्भमा चर्चा भएको छ तापनि त्यहाँ अनुकरणात्मक शब्दरचनाको छुट्टै दिग्दर्शन भने गराइएको पाइन्न। टम् टम् टटटम् डडडडम् जस्ता अनेक प्रयोगहरू पाइन्छन् .। पाणिनिले हर्षविस्मात र रिसाउँदा शब्दका पछिल्ला वर्णाक्षर दोहोरिने, प्लुत्त हुने बताएका छन् भने अघिल्ला वर्णाक्षार दोहोरिने सन्दर्भ पनि बताएर अनुकरण शब्दको द्वित्व कसरी हुन्छ संकेत चाहिँ गरेका छन्। माथि द्वित्वप्रक्रियाबाट बनेका केही अनुकरण शब्द प्रस्तुत गरिसकिएको छ।

### द्विरुक्ति प्रक्रिया

पाणिनि व्याकरणको अष्टम अध्यायको प्रथम पादमा सिङ्गा शब्द दोहोरिने प्रकरण राखिएको छ । यस प्रकरणको अधिकार सूत्र सर्वस्व द्वे हो। जसको अर्थ सम्पूर्ण शब्दस्वरूपको द्वित्व वा दिरुक्ति भन्ने हुन्छ। खासमा यस प्रकरणमा पद तथा शब्द दोहोरिने सन्दर्भ र विषयका सूत्रहरू राखिएका छन्। यसमा विधान भएका प्रमुख विषय र सन्दर्भ यस प्रकार रहेका छन्ः

**१. नित्यवीप्सयोः** अर्थात् नित्य , निरन्तरता र पुनरुक्ति जनाउँदा शब्दहरू दोहोरिन्छन् पचतिपचति, भोजम्भोजम् भुक्त्वा भुक्त्वा, वृक्षम् वृक्षम्, जल्पतिजल्पति

२. परिवर्जनार्थमा अर्थात् गमनार्थमा परि समीपार्थमा उपरि, अधि, अधस् शब्दहरू पनि दोहोरिन्छन् परिपरि वङ्गेभ्य उपर्युपरि, अध्यधि।

३. वाक्यका आदिमा आमन्त्रण, आशूय, सम्मति, कोप, कुप्सन, भत्सना, अर्थका शब्दहरू दोहोरिन्छन् माणवकम् माणवकम्

४. अकृच्छ्रे अर्थात् धेरै सहज, सरलता, अभिन्नता जनाउँदा पनि शब्दहरू दोहोरिन्छन् प्रियाप्रियेण, सुखसुखेन अर्थात् दुखैदुखमा बाँचेको, सुखैसुखले मातेको, मायैमायामा हुर्किएको,

५. यथावत् र स्वभाव जनाउँदा यथायथम् ,वाढम्वाढम्

६. रहस्य, मर्यादा र व्युत्क्रमण यानि क्रम आदि अर्थ जनाउँदा मूलेमूलेन

७. पीडा जनाउँदा गतगत

८. सादृश्यका आधारमा गुण र प्रकारता जनाउँदा  पटुपटवी, शुक्लाशुक्ल, इतरेतराम

९. आज्ञा, जोड र समर्थनमा  गच्छ गच्छ,

१०. अभ्यास र पादपूरणमा   ग्रामेग्रामे, माषं माषम्

११. क्रियासमभिहार र कर्मव्यतिहार जनाउँदा

सर्प सर्प , बुध्वस्व बुध्स्व ,अन्योन्यम्, इतरेतराम, परस्परम्

**द्वित्वोच्चारण प्रक्रिया**

अष्टाध्यायीका छैटौँ र आठौँ अध्यायहरूमा स्वरप्रक्रियाको बारेमा चर्चा गरिएको छ तापनि उच्चारणसँग सम्बन्धित व्यावहारिक विषयहरू आठौँ अध्यायमा बेसी परेका छन् । त्यसकारण यो आठौँ अध्यायमा वाक्बोलीका विषयहरू चर्चा भएका छन् । यसैमा उच्चारणका विभिन्न सन्दर्भहरूको चर्चा गरिएको छ । यसक्रममा दीर्घीभवन तथा प्लुत्त उच्चारणले कतै कतै वर्णक्षर द्वित्व बन्ने चर्चा गरिएको छ भने कतै सवर्णादेश र कतै पूर्वसवर्ण वा सर्वादेश सन्धि प्रक्रियाले पनि वर्णाक्षर दोहोरिने स्थिति बताइएको छ । यसको प्रभावस्वरूप नेपालीमा पनि प्लुतीभवन वा दीर्घीभवनले द्वित्वोच्चारण भएका उदाहरण पाइन्छन् जस्तै,ऊ ठिङ्ङ्ङ उभिन्छ । तिमी जस्स्स्तै छ । यसैगरी वैदिक प्रक्रियामा झैँ लौकिक संस्कृतमा पनि कतै वर्णस्फाट भएका उदाहरण समेत भेटिन्छन् । तर यिनीहरू सपादीका नियम जस्ता देखिए तापनि त्रिपादीका हुनाले पूर्वत्रासिद्धमले परिचित छन् । यसको आशय के हो भने अष्टाध्यायीको सवा सात अध्यायभित्र व्याकरणका व्युत्पादन र रुपायनका प्रक्रियाका विषय चर्चा छन् भने तीन पादमा वाग्बोलीका विषयहरू आएका छन् । जसमा उच्चारणअन्तर्गतका द्वित्व, प्लुति, र सन्धि षत्व , णत्व प्रक्रियाका विषयहरूको विधान गरिएको छ । तर एउटा के कुरा निश्चित हो भने सन्धि कतै कतै द्वित्व गराउने कारकतत्व मानिए पनि यो स्वतन्त्र व्युत्पादन वा रुपायन प्रकिया चाहिँ होइन । त्यसकारण तीन पादका विषयहरू रूपध्वनिसँग मात्र सम्बन्धित देखिन्छन् र यिनीहरू सपादीका जस्ता देखिए तापनि तिनमा लागु हुन्नन् भन्नुको रहस्य पनि बुझिन्छ । यसमा स्वरप्रक्रिया अन्तर्गत द्वित्वोच्चारणका सन्दर्भहरूको उल्लेख पाइन्छ ।

## निष्कर्ष

द्वित्व भाषिक व्यवहार र व्याकरणिक प्रक्यिामा देखिने प्रवृति हो । भाषिक व्यवहारमा द्विरुक्ति शब्द पुनरुक्तिको रूपमा देखिन्छ भने व्याकरणिक प्रक्रियामा यो द्वित्वविधिका व्युत्पादन र रुपायनका रूपमा देखापर्दछ । भाषामा पुनरुक्ति प्रयोगको कुनै सीमानिर्धारण गर्न सकिँदैन भनेका पाणिनि आफैले निश्चित विधिविधानबाट पुनरुक्ति प्रक्रियाको वणर्न गरेका छन् । संस्कृत व्याकरणमा द्विरुक्ति विषयका चर्चा परिचर्चा ठाउँठाउँमा पाइन्छन् र यी सबैलाई एक ठाउँमा समेटेर चर्चा गर्दा यो द्विरुक्ति विज्ञानको पूर्ण विषय बन्ने स्पष्ट देखिन्छ । पाणिनिले द्विरुक्तिलाई रुपायन, व्युत्पादन, पुनरुक्ति र द्वित्वागमका रूपमा विश्लेषण गरेको भेटिन्छ । यसरी कालपक्ष र धातुपक्षको रूपमा द्वित्वप्रक्रियाको चर्चा संस्कृत भाषाको मात्र विशेषता हो कि संसारका अन्य भाषामा पनि पाइन्छन् त्यो अलग्गै खोजको विषय बनेको छ । शब्द व्युत्पादनको द्वित्वप्रक्रिया भने संसारका धेरै भाषाहरूमा देख्न सकिन्छ । नेपालीमा पनि यस प्रक्रियाबाट सबै वर्गका शब्दहरू व्युत्पादन हुन्छन् । द्वित्वोच्चारणको प्रकिया भने संसारका अरु धेरै भाषाहरूमा पाइन्छ । यसरी पाणिनीय व्याकरणमा संस्कृत भाषा विशेषको सन्दर्भमा द्वित्वप्रवृत्तिको वणर्न गरिएको भए तापनि यो धेरै भाषामा पाइने द्विरुक्तिप्रवत्तिको अध्ययन बनेको छ । आधुनिक भाषाविज्ञानले साहित्यिक क्षेत्रका अनुप्रास, यमक र सादृश्यविधानका युक्तिहरूलाई समेत समेटेर द्विरुक्ति विज्ञानको भव्य महल खडा गरे तापनि व्याकरणभित्रका विषय

तिनै हुन् जसलाई पाणिनिले समेटेका छन् । यसरी पाणिनि व्याकाणमा द्विरुक्ति विज्ञानका  विभिन्न पक्षमा चर्चा भएको निष्कर्ष भेटिन्छ । त्यसैले द्वित्व अध्ययनमा  व्याकरणपरक सबै विषय, प्रक्रिया र क्षेत्रहरूको  अध्ययन समेटिएकाले पाणिनि व्याकरणमा भएको द्विरुक्ति प्रक्रियाको  अध्ययनलाई  द्विरुक्ति विज्ञान भन्नु स्वाभाविक मान्न सकिन्छ ।

**कृतज्ञता**

यस लेखको निर्माणमा जसजसका कृतिरचनाबाट सहायता मिलेको छ, ती सबै अग्रज लेखक, प्रस्तुत लेख समीक्षा गरिदिनुहुने विज्ञ सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, मीनप्रसाद (२०२०). अष्टाध्यायीको सेरोफेरोमा नेपाली व्याकरण  नेपजोल पू.३, पृ. १७७–१८१ ।

आचार्य, जयराज ( २०७१). भाषाविज्ञानको सैद्धान्तिक विमर्श. काठमाडौं : मकालु प्रकाशनगृह ।

आचार्य, वरदराज (२०२०). लघुसिद्धान्त कौमुदी.व्या.दुर्गादत्त शर्मा : विश्वविद्यालय प्रकाशन ।

आचार्य, वरदराज (सन् २००७). लघुसिद्धान्त कौमुदी भौमी व्या. भीमसेन शास्त्री नचिकेता भाटिया ।

आचार्य, शिवराज (२०३०).  जिम्दो नेपाली भाषा. ललितपुर : साझा प्रकाशन ।

तिवारी, भोलानाथ ( सन् १९८५). भाषाविज्ञान.१८ औँ संस्क. इलाहावाद : किताब महल ।

द्विवेदी, कपिलदेव (सन् १९६१). प्रौढरचनानुवाद कौमुदी. गोरखपुर : विश्वविद्यालय प्रकाशन ।

पाणिनि, (२०८१). अष्टाध्यायी. व्या. गोपाल शास्त्री. वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।